# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौ पुस २४ गते २०५३ साल (अतिरिक्ताङ्क ५२ (क)

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. १९

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणवाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# मानव अधिकार आयोग ऐन २०५३

प्रस्तावना : संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानव अधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा स्वतन्त्र र स्वायत्त राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मानव अधिकार आयोग ऐन, २०५३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय मानव अधिकार आयोग सम्झनु पर्छ ।

(ख) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले दफा २० बमोजिम कायम मुकायम अध्यक्ष भै काम गर्ने आयोगको सदस्य समेतलाई जनाउँछ ।

(घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।



१०२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

(च) "मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासंग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २

## आयोगको गठन, सदस्यको सेवा शर्त सम्बन्धी व्यवस्था

३. आयोगको स्थापना र गठन : (१) देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने गरी राष्ट्रिय मानव अधिकार आयोगको स्थापना र गठन हुनेछ : -

(क) सेवा निवृत्त भएका सर्वोच्च अदालतका प्रधान न्यायाधीश वा न्यायाधीशहरु मध्येबाट एक जना - अध्यक्ष

(ख) कानून, मानव अधिकार, सामाजिक वा संचार तथा पत्रकारिताको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्ये यथाशक्य सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी तीन जना - सदस्य

(ग) संवैधानिक अङ्गको कुनै पदमा वा श्री ५ को सरकारको विशिष्ट श्रेणीको पदमा कार्य गरी सेवा निवृत्त भएको व्यक्ति मध्ये एक जना - सदस्य

(२) उपदफा (१) मा उल्लिखित योग्यताको अतिरिक्त अध्यक्ष वा सदस्यमा नियुक्त हुन देहायको योग्यता पुगेको हुनु पर्छ :-

(क) नेपाली नागरिक ।

(ख) चालीस वर्ष उमेर पूरा भएको ।

(ग) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

(३) आयोगको सदस्य भैसकेको व्यक्ति अन्य कुनै सरकारी सेवाको पदमा नियुक्तिको लागि ग्राह्य हुने छैन ।

(४) आयोगका अध्यक्ष वा सदस्यले आयोगमा पदाधिकार रहुन्जेलसम्म अन्यत्र पेशागत रुपमा काम गर्न पाउने छैनन् ।

(५) आयोग एक अविच्छिन्न उत्तराधिकारवाला संस्था हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) आयोगको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(७) आयोगलें व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(८) आयोगले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर दिन र आयोग उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

४. <u>अध्यक्ष तथा सदस्यको नियुक्ति</u> : (१) श्री ५ बाट उपदफा (२) बमोजिम गठित सिफारिश समितिको सिफारिशमा आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गरिबक्सनेछ ।

(२) आयोगका सदस्यहरुको नियुक्तिको सिफारिश गर्न देहाय बमोजिमको सिफारिश समिति रहनेछ :-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) प्रधान न्यायाधीश - सदस्य

(ग) प्रतिनिधि सभामा विपक्षी दलको नेता - सदस्य

(३) उपदफा (२) बमोजिम गठित समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिको बैठकका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने जिम्मेवारी श्री ५ को सरकारको मुख्य सचिवको हुनेछ ।

१०२३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. सदस्यहरुको पदावधि : सदस्यहरुको पदावधि नियुक्ति भएको मितिले ५ वर्षको हुनेछ । निजहरुको पुनः नियुक्ति हुन सक्नेछ ।

६. पद रिक्त हुने अवस्था : देहायको अवस्थामा सदस्यको पद रिक्त हुनेछ :-

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिई श्री ५ बाट स्वीकृत भएमा,

(ग) दफा ५ बमोजिम पदावधि पूरा भएमा,

(घ) प्रतिनिधि सभाको मानव अधिकार सम्बन्धी समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भई बसेको बैठकको दुई तिहाई बहुमतबाट आयोगको कुनै सदस्य कार्य क्षमताको अभाव वा खराब आचरण भएको कारण पदमा रहनु उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव प्रतिनिधि सभाको बैठकबाट पारित भएमा,

तर त्यस्तो आरोप लागेको सद्रस्यलाई प्रतिनिधि सभाको मानव अधिकार सम्बन्धी समितिमा आफ्नो सफाई पेश गर्न मनासिब माफिकको मौका दिईनेछ ।

9028



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

७. सदस्यहरुको सेवा शर्त : आयोगका अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

तर त्यस्तो पारिश्रमिक र सुविधा सर्वोच्च अदालतको न्यायाधीशले पाउने पारिश्रमिक र सुविधा भन्दा कम हुने छैन ।

८. आयोगको बैठक : (१) आयोगको बैठक अध्यक्षले तोकेको मिति र स्थानमा बस्नेछ ।

(२) आयोगको बैठक सामान्यतया महिनाको दुई पटक बस्नेछ ।

(३) तीन जना सदस्य उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्ष अनुपस्थित रहेको अवस्थामा वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) आयोगको निर्णय सदस्यहरुको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) कुनै सदस्यको स्थान रिक्त रहेको कारणले मात्र आयोगको काम कारबाही अमान्य हुने छैन ।

(७) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले व्यवस्था गर्न सक्नेछ ।

१०२५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ३

## आयोगका कार्यहरु र कार्यविधि सम्बन्धी व्यवस्था

९. आयोगको काम र कर्तव्य : (१) मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्नु आयोगको प्रमुख कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न आयोगले देहायका कामहरु गर्न सक्नेछ :-

(क) देहायको कुनै विषयमा पीडित व्यक्ति आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा छानबिन र अनुसन्धान गर्ने :-

(१) मानव अधिकारको उल्लघन र त्यसको दुरुत्साहन,

(२) मानव अधिकारको उल्लंघन रोक्ने सम्बन्धमा सम्बन्धित कुनै व्यक्ति, संस्था वा निकायले गरेको लापरवाही वा हेलचेक्र्याई ।

(ख) खण्ड (क) मा उल्लिखित विषयको छानबिन र अनुसन्धान आयोग आफैले वा श्री ५ को सरकारको निकाय वा कर्मचारी वा कुनै व्यक्ति मार्फत गर्न गराउन सकिनेछ र त्यस्तो निकाय, कर्मचारी वा

१०२६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिले आयोगको निर्देशन बमोजिम छानबिन र अनुसन्धान गरी आयोगलाई प्रतिवेदन दिनु पर्नेछ,

(ग) आयोगलाई प्राप्त निवेदन, उजुरी वा जानकारी तथ्यहिन लागेमा वा नेपालको अदालतबाट लागू गर्न नसकिने प्रकृतिको देखिएमा आयोगले सोको कारण खुलाई त्यस्तो निवेदन वा उजुरी तामेलीमा राख्न सक्नेछ,

(घ) मानव अधिकारको अतिक्रमणको अदालत समक्ष दावी समाविष्ट भएको बिचाराधीन कारबाहीका सम्बन्धमा सम्बन्धित अदालतको अनुमतिबाट छानबिन गर्ने,

(ङ) श्री ५ को सरकार अन्तर्गतका निकाय, कारागार वा कुनै संस्थाको भ्रमण, निरीक्षण, अवलोकन गर्ने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता संस्थाको काम कारबाही, भौतिक सुविधा आदिमा गर्नु पर्ने सुधारको सम्बन्धमा श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने,

(च) मानव अधिकारको प्रचलनको लागि संविधान तथा प्रचलित अन्य कानूनद्वारा दिइएको संरक्षण सम्बन्धी व्यवस्थाको पुनरावलोकन गर्ने तथा त्यस्तो व्यवस्थाको



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सिफारिश गर्ने,

(छ) मानव अधिकारसंग सम्बन्धित अन्तरराष्ट्रिय सन्धि संझौता तथा दस्तावेजहरुको अध्ययन गरी श्री ५ को सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक र उपयुक्त सुझाव दिने,

(ज) मानव अधिकारको क्षेत्रमा अनुसन्धान कार्य गर्ने गराउने,

(झ) सेमिनार, गोष्ठी, सम्मेलन, सञ्चार माध्यम तथा प्रकाशनको माध्यमबाट समाजका विभिन्न क्षेत्रहरुमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गर्ने तथा मानव अधिकारको संरक्षण सम्बन्धमा विद्यमान कानूनी प्रत्याभूतिहरु बारे अवगत तथा सचेत गराउने,

(ञ) गैर सरकारी क्षेत्रमा कार्यरत मानव अधिकार संगठनहरुको कार्य तथा प्रयासहरुलाई प्रोत्साहन गर्ने,

(ट) मुलुकको विद्यमान मानव अधिकारको स्थितिको बारेमा समीक्षा गर्ने,

(ठ) मानव अधिकार सम्बन्धी अन्तरराष्ट्रिय



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सन्धि संझौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने, र

(ङ) मानव अधिकारको प्रचलन, संम्बर्द्धन र संरक्षणका लागि आवश्यक र उचित ठानेको आवश्यक अन्य कार्यहरु गर्ने ।

(३) मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि संझौता अनुरुप नेपालले प्रतिवेदन पठाउनु पर्ने दायित्व भएको विषयमा श्री ५ को सरकारले आयोगको राय लिई पठाउनु पर्नेछ ।

१०. आयोगको अधिकार क्षेत्र नहुने : देहायको कुनै विषयमा यस ऐन अन्तर्गत जाँचबुझ गर्ने वा अन्य कुनै कारबाही चलाउने अधिकार आयोगलाई हुने छैन :-

(क) सैनिक ऐनको क्षेत्राधिकारको विषय,

तर संविधान र प्रचलित कानून बमोजिम अदालतले मुद्दा हेर्न सक्ने विषयमा यो ऐन बमोजिमको काम गर्न आयोगलाई कुनै बाधा पर्ने छैन ।

(ख) श्री ५ को सरकार र कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय वा अन्तर सरकारी संस्थाका बीच सम्पन्न सन्धि सम्झौता वा नेपाल अधिराज्यको सुरक्षामा प्रतिकूल असर पर्न सक्दछ भनी श्री ५ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारको मुख्य सचिवले प्रमाणित गरेको विषय,

(ग) कुनै अपराधको कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा अपराध वा अपराधी पत्ता लगाउने कार्यमा प्रतिकूल असर पर्न सक्दछ भनी महान्यायाधिवक्ताले प्रमाणित गरेको विषय ।

११. आयोगको जाँचबुझ सम्बन्धी अधिकार : (१) आयोगले आफ्नो अधिकार क्षेत्रभित्र पर्न आएका उजुरी वा निवेदन वा प्रतिवेदनहरुको कारबाही गर्दा देहाय बमोजिमको कार्य गर्ने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरह अधिकार हुनेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान वा जानकारी लिने,

(ख) साक्षी बुझ्ने तथा बकपत्र गराउने,

(ग) कुनै लिखत कागजात पेश गर्न आदेश गर्ने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,

(ङ) प्रमाण बुझ्ने,

(च) स्थलगत निरीक्षण गर्ने गराउने, दशी प्रमाण पेश गर्न आदेश गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झे बमोजिम म्याद तोक्न सक्नेछ ।

(३) आयोगले आफ्नो छानबिन वा अनुसन्धान सम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलित नेपाल कानून बमोजिम त्यस्तो व्यक्ति वा स्थानको तलासी लिन वा लिन लगाउन र फेला परेका त्यस्तो वस्तु वा लिखत कब्जा गर्न वा गर्न लगाउन वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिन लगाउन सक्नेछ ।

(४) आयोगले कुनै घटनामा जाँचबुझका सम्बन्धमा आवश्यक देखेमा सार्वजनिक सुनुवाई गर्न सक्नेछ ।

(५) आयोगले जाँचबुझका सम्बन्धमा माग गरेका कागजातहरु वा आवश्यक प्रमाणहरु नपठाउने वा आयोगको कार्यमा असहयोग गर्ने वा आयोगमा उपस्थितिको लागि बोलाएकोमा उपस्थिति नभई अटेर गर्नेलाई आयोगले विशेष टिप्पणी लेखी कारबाहीका लागि श्री ५ को सरकार वा अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष पठाउन सक्नेछ ।

(६) आयोगले यस ऐन बमोजिम गर्नु पर्ने कुनै कामको सम्बन्धमा आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार र त्यस्तो समिति वा उपसमितिको सदस्यले पाउने भत्ता र सुविधा आयोगले तोके बमोजिम हुनेछ ।

(७) आयोगले आवश्यकता अनुसार सम्बन्धित विषयका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विशेषज्ञहरु वा विशिष्टीकृत निकायहरुको सेवा लिन सक्नेछ । त्यसरी सेवा प्रदान गर्ने विशेषज्ञहरुको सेवा, शर्त र सुविधा आयोगले तोके बमोजिम हुनेछ ।

१२. मानव अधिकारको उल्लघन सम्वन्धी उजुरी र कारवाही : मानव अधिकारको उल्लंघन सम्वन्धी उजुरी दिने र तत्सम्वन्धी कारवाही तोकिए बमोजिम हुनेछ ।

१३. आयोगको निर्णय कार्यान्वयनको प्रक्रिया : (१) आयोगले आफ्नो अधिकार क्षेत्र अन्तर्गत पर्न आएको उजुरी तथा निवेदनहरु उपर दफा ११ बमोजिम कारवाही गर्दा दोषी देखिएमा दोषी उपर आवश्यक कारवाही गर्न सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी पठाउँदा आयोगले पीडित व्यक्तिलाई आवश्यक क्षतिपूर्ति दिन आवश्यक देखेमा सो समेत लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्ति दिदा अपनाउनु पर्ने आधार र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) र (२) बमोजिम कारबाहीका लागि लेखी आएकोमा सम्बन्धित निकाय वा अधिकारीले पनि आयोगबाट लेखी आए बमोजिमको कारबाही गरी वा गर्न नमिल्ने भएमा सो कारण सहित खुलाई आयोगबाट प्राप्त भएको मितिले तीन महिनाभित्र सो बमोजिम कारवाही गरिएको जानकारीको प्रतिवेदन सम्बन्धित निकाय वा अधिकारीले आयोग समक्ष पठाउनु पर्नेछ ।

१४. प्रतिवेदन पेश गर्ने : (१) आयोगले प्रत्येक वर्ष आफूले गरेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काम कारबाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी श्री ५ समक्ष पेश गर्नेछ र श्री ५ बाट सो प्रतिवेदन संसद समक्ष पेश गर्न लगाइबक्सनेछ ।

(२) आयोगले आफूले गरेको काम कारबाहीको विवरण सर्वसाधारणको जानकारीको लागि वर्ष वर्ष दिनमा प्रकाशन गर्नेछ ।

तर आयोगले आवश्यकता देखेमा जुनसुकै समयमा पनि आफ्नो कार्यको विवरण प्रकाशन गर्न सक्नेछ ।

१५. <u>आर्थिक व्यवस्थापन</u> : (१) आयोगको कार्य सम्पादन गर्न आवश्यक पर्ने साधन र श्रोतहरु आयोगले विभिन्न निकायबाट अनुदानको रुपमा प्राप्त गर्न सक्नेछ ।

(२) आयोगले दफा ९ बमोजिमका कार्यहरु सम्पादन गर्न सहायता पुऱ्याउने उद्देश्यले आर्थिक सहायता लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त गरेको सहायताको खर्च दाता र आयोगको बीचमा भएको शर्त बमोजिम हुनेछ ।

(४) आयोगले प्रचलित कानून बमोजिम आफ्नो आय व्ययको लेखा र अन्य सम्बद्ध अभिलेख राख्नु पर्नेछ ।

(५) आयोगको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(६) आयोगको आर्थिक व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ४

## विविध

१६. आयोगको कार्यालय : आयोगको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । आयोगले आवश्यकतानुसार नेपाल अधिराज्यको विभिन्न क्षेत्रहरुमा शाखा कार्यालयहरु खोल्न सक्नेछ ।

१७. सचिव : (१) आयोगमा एक जना सचिव रहनेछ ।

(२) सचिवको नियुक्ति आयोगको सिफारिशमा श्री ५ बाट गरिबक्सनेछ । सचिवको पदावधि, सेवा, शर्त र अन्य सुविधा श्री ५ को सरकारको सचिव सरह हुनेछ ।

१८. आयोगका कर्मचारी : (१) आयोगले आफ्नो कामको लागि आवश्यक पर्ने कर्मचारी तोकिए बमोजिम नियुक्त गर्न सक्नेछ र त्यसरी नियुक्त कर्मचारीको सेवा, शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि आयोगलाई आवश्यक पर्ने कर्मचारी आयोगले श्री ५ को सरकारबाट माग गर्न सक्नेछ । त्यसरी माग गरिएका कर्मचारी उपलब्ध गराउनु श्री ५ को सरकारको कर्तव्य हुनेछ ।

(३) आयोगले आफ्नो कार्य सम्पादनको सम्बन्धमा कुनै सरकारी कार्यालयबाट सहयोग माग गरेमा त्यस्तो कार्यालयले सहयोग उपलब्ध गराउनु पर्नेछ ।

१०३४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

१९. <u>अधिकार प्रत्यायोजन</u> : आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार अध्यक्ष वा सदस्य वा आयोगका कर्मचारी वा श्री ५ को सरकारको अधिकृत कर्मचारी वा यस ऐन अन्तर्गत गठन हुने समिति वा उपसमिति वा कुनै व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. <u>अध्यक्षको काम गर्ने</u> : श्री ५ बाट अध्यक्षको पद रिक्त भएमा अर्को अध्यक्ष नियुक्त नभएसम्मको लागि वरिष्ठ सदस्यलाई कायम मुकायम अध्यक्ष भई काम गर्न तोक्न सकिबक्सनेछ ।

२१. <u>शपथ ग्रहण</u> : आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले श्री ५ समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूचीमा तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

२२. <u>श्री ५ को सरकारसंग सम्पर्क</u> : आयोगले श्री ५ को सरकारसंग सम्पर्क राख्दा मन्त्रिपरिषद् सचिवालय मार्फत राख्नु पर्नेछ ।

२३. <u>नियम बनाउने</u> : यस ऐनको उद्देश्य पूरा गर्न आयोगले आवश्यक नियमहरु बनाउन सक्नेछ । त्यस्तो नियम बनाउँदा आयोगले श्री ५ को सरकारको परामर्श लिन सक्नेछ ।

तर पारिश्रमिक र सुविधा सम्बन्धी नियम बनाउँदा श्री ५ को सरकारको परामर्श लिनु पर्नेछ ।

२४. <u>बचाउ</u> : आयोग वा अध्यक्ष वा सदस्य वा कर्मचारी वा आयोगले खटाएको कुनै व्यक्तिले यो ऐन वा यस ऐन
बनेको नियम बमोजिम असल नियतले गरेको
खोजिएको कुनै काम कारवाहीका सम्बन्धमा कुनै
कानूनी कारवाही चलाईने छैन ।



9032

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची
### (दफा २१ संग सम्बन्धित)
### शपथ

नेपाल अधिराज्यको संविधान, २०४७ प्रति निष्ठावान रही आफूले ग्रहण गरेको अध्यक्ष/ सदस्य- पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारी साथ पालन गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालन गर्दा बाहेक आफू बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन भनी म . . . . . . . . . . . . . . . . . ईश्वरलाई साक्षी राखी / सत्यनिष्ठा पूर्वक शपथ लिन्छु ।

मिति :- हस्ताक्षर

लालमोहर सदर मिति:- २०५३।९।२४।४

आज्ञाले,

**सुरेशमान श्रेष्ठ**

श्री ५ को सरकारको सचिव

१०३६



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग